त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

मितिः २०८०/११/०४

**BCA कार्यक्रम अन्तर्गत पाँचौं र सातौं सेमेस्टरको अनलाइन परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०१९ को **सातौं सेमेस्टर** र शैक्षिक वर्ष २०२० को **पाँचौं सेमेस्टरका** नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८० साल चैत्र दोस्रो हप्ता पश्चात् सञ्चालन हुने भएकाले सम्बन्धित **सबै विद्यार्थीहरूलाई २०८० साल फागुन ३० गतेसम्म** अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- ❖ **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८० साल फागुन ११ गतेदेखि ३० गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८० साल चैत ०७ गते राति १२:०० बजेसम्म ।
- ❖ **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- ❖ परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- ❖ परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- ❖ सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण **(स्थानान्तरण भइ आएका विद्यार्थीहरूको हकमा प्राविधिकसँगको समन्वयमा)** परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।

CamScanner

❖ अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।

❖ सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८० साल चैत ०२ गतेभित्र र दोब्बर दस्तुरको हकमा चैत ०९ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।

❖ विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८० साल चैत ११ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

❖ डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल चैत १५ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ ।

❖ प्रयोगात्मक परीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन BCA कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस/कलेजहरूलाई अनुरोध गरिन्छ :

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालन भएको चार वर्षे ८ सेमेस्टरको Bachelor in Computer Application (BCA) कार्यक्रम अन्तर्गतका विभिन्न सेमेस्टरहरूमा Project Work/Internship बाहेकका अन्य विषयहरूमा ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन र ६० पूर्णाङ्कको अन्तिम मूल्याङ्कन गरिने प्रावधान भएको र ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनलाई प्रयोगात्मक हुने विषयहरूमा २० पूर्णाङ्कको Internal Assessment **(First term exam-5, Final term exam-5, Assignment-5 & Attendance-5)** र २० पूर्णाङ्को Practical Assessment **(Practical -10, Lab Report -5 & Viva -5)** रहने गरी छुट्याइएको छ । उक्त ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनभित्र नै Practical Assessment समेत रहेको हुनाले सम्बन्धित क्याम्पस/कलेजले विषय शिक्षक र विषय विशेषज्ञहरू मार्फत २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गरी हाजिरी सहितको प्राप्ताङ्क देहाय बमोजिमको ढाँचामा २०८० साल चैत ११ गतेभित्र आन्तरिक मूल्याङ्कन (Internal Assessment & Practical Assessment) यस कार्यालयमा पठाइदिनु हुन समेत सम्बन्धित क्याम्पस प्रमुखज्यूहरूलाई अनुरोध गरिन्छ ।

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

CamScanner

## BCA Practical Evaluation Format

| SN | Name of Student | Internal Practical Assessment | | | |
|---|---|---|---|---|---|
| | | Practical (10) | Lab Report (5) | Viva (5) | Total (20) |
| | | | | | |
| | | | | | |

**Internal Subject Teacher**

**Signature: ...............**

**Name: .........................**

**Designation: .............**

**Date: .............**

**Subject Expert**

**Signature: ...............**

**Name: ....................**

**Designation: .............**

**Date: ......................**

## BCA Internal Evaluation Format

| SN | Name of Student | Internal Assessment (20) | Practical Assessment (20) | Total (40) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Subject Teacher

Signature: ...............

Name: .........................

Date: .............

Campus Chief/Coordinator

Signature: ...............

Name: ....................

Date: ......................

..........................................

प्रा.डा. तारा प्रसाद भुसाल

सहायक डीन

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

CamScanner